# वैदेशिक रोजगार न्यायाधिकरण

बबरमहल, काठमाडौं।

वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौं २०६९

दर्ता नं. ०१ मिति २०७७/११/१० शाखा अधिकृत

## काठ, दाउराको डाँक बढाबढद्वारा लिलाम बिक्री सूचना।

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७७।११।१०)

यस कार्यालयको परिसरमा घाटगद्दी रहेका विभिन्न प्रजातिका रुखहरू कार्यालयको सुरक्षाको लागि काटिएकोमा काटिएका तपसिल बमोजिमका काठ, दाउरा जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा उठाई लैजानुपर्ने गरी डाँक बढाबढद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो १५ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले डाँक बढाबढमा भाग लिन आमन्त्रित गरिन्छ।

**तपसिल**

१) वन पैदावारको विवरण

| क्रम सं. | प्रजाति | गोलाई | गुणस्तर | आयतन (क्यू.फि) | दाउरा कट्टा | दर | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|---|---|
| १ | काभ्रो | ६० | III | ७९.४७ | ०.१६ | ४००० | ६३४.७९ |
| २ | काभ्रो | ६५ | III | ९३.२७ | ०.१९ | ४००० | ७४६.१६ |
| ३ | काभ्रो | ७० | III | १०८.१७ | ०.२२ | ४००० | ८६५.३७ |
| ४ | काइयो | ४५ | III | ३३.५३ | ०.०७ | ४००० | २६८.२२ |
| जम्मा | | | | ३१४.४४ | ०.६३ | - | २५१५.५५ |

२) डाँक लिलाम बढाबढ हुने स्थान, मिति र समय

क. स्थानः वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहल काठमाडौं

ख. मितिः२०७७।११।२६

ग. समयः २ बजे

३) डाँक बढाबढ न्यूनतम मूल्यबाट सुरु गरिनेछ। तोकिएको कटान, मुछान र ढुलान आदिको खर्च बेग्लै बुझाउनुपर्नेछ।

४) लिलाम सकार गर्न डाँक बोल्ने सबैले डाँक बोल्नुपर्ने न्यूनतम मूल्य रु.२५१५.५५।- को १० प्रतिशतले हुने नगद धरौटी राख्नुपर्नेछ। डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानुपर्नेछ।

५) लिलाम स्विकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ।

६) लिलाम बढाबढ हुने काठ, दाउरा घाटगद्दीमा कार्यालय खुलेको समयमा हेर्न सकिनेछ।

७) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ७ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर र कटान मुछान आदि खर्च समेत बुझाई सक्नुपर्ने छ।

८) अन्य आवश्यक कुराहरू कार्यालयले मुनासिव तोके बमोजिम हुनेछ।